उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४६-६९१९२७

पत्र सङ्ख्या:-०७९/०८०
चलानी नं:-

मिति : २०८०/०३/२६

## सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको परिचयपत्र नवीकरण गर्ने सम्वन्धी जरुरी सूचना !

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षमा परिचयपत्र नवीकरण गर्नुपर्ने भएको हुदाँ आ.व. २०७९/८० मा भत्ता प्राप्त गरिरहेको लाभग्राहीहरुले निरन्तर आ.व. २०८०/०८१ मा भत्ता प्राप्त गर्नको लगि सामाजिक सुरक्षा भत्ता नियवाली २०७६ को दोश्रो संशोधन २०७९ बमोजिम यही मिति २०८० साल श्रावन १ गते देखि भदौ १५ गने सम्म अनिवार्य रुपमा आफ्नो वडा कार्यालयमा गई परिचयपत्र नवीकरणको लागि निवेदन दिनुहुन सबैमा अनुरोध गरिन्छ । तथापि तोकिएको समयावधि भित्र आफ्नो परिचयपत्र नवीकरण गर्न छुटी सामाजिक सुरक्षाभत्ता प्राप्त नभएमा लाभग्राही स्वंयम जिम्मेवार हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

परिचयपत्र नवीकरण गर्दा ध्यान दिनुपर्ने कुराहरु

१. सामाजिक सुरक्षा भत्ता नविकरण गर्न बालबालिका, अत्तिअशक्त र पूर्ण अपाङ्गता भएका र हिडडुल गर्न नसक्ने जेष्ठ नागरिक बाहेक अरुको हकमा लाभग्राही स्वंयम आफ्नो वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ अनुसुची –२ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

२. बालबालिका, अत्तिअशक्त र पूर्ण अपाङ्गता भएका र हिडडुल गर्न नसक्ने जेष्ठ नागरिक हकमा संरक्षक वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ अनुसुची –२ को ढाँचामा निवेदन दिन सक्नेछ ।

३. परिचयपत्र नवीकरण गर्दा आवश्यक कागजातहरु :
- नागरिकताको प्रतिलिपी
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपी
- विधवाको हकमा पतिको मृत्युदर्ताको प्रतिलिपी
- अपाङ्गताको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपी
- अविवाहित महिलाको हकमा अविवाहित प्रामाणितको प्रतिलिपी

**(नोट : परिचयपत्र नवीकरणको निवेदनको ढाँचा वडा कार्यालमा उपलब्ध हुनेछ ।)**

विनिता महत
नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

(दफा ४ को उपदफा (१)सँग सम्बन्धित)

**परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा**

मितिः ....।..।...

**विषयः परिचयपत्र नवीकरण सम्बन्धमा।**

श्री अध्यक्षज्यू,
................................गाउँपालिका / नगरपालिका
वडा नं. ...............
जिल्ला..................
प्रदेश.................

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार ,प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

६० वर्ष भन्दा मूनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ।

लाभग्राहीको विवरणः

नाम थरः- लिङ्गः-
लक्षित समूहः- सामाजिक सुरक्षा परिचयपत्र नंः-
राष्ट्रिय परिचयपत्र नं.ः- सम्पर्क मोबाइल नंः-
दस्तखतः- मितिः-

**<u>संरक्षक/माथवर/स्याहारसुसार गर्ने व्यक्तिको विवरण (बालबालिका वा आफैं उपस्थित हुन नसक्ने व्यक्तिको हकमा)</u>**

यस निवेदनमा भएको लाभग्राहीको दस्तखत/सहिछाप मेरो रोहवरमा भएको ठिक साँचो हो। यसमा भएको दस्तखत वा मितिमा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने इच्छाएको व्यक्तिको:-

नाम थरः-................................

भत्ता प्राप्त गर्ने व्यक्तिसँगको नाताः

राष्ट्रिय परिचयपत्र नं.:-

दस्तखतः-.............

सम्पर्क मोबाईल नं.:-

नागरीकता प्रमाणपत्र नं. :-

जारी भएको जिल्ला र मितिः-

**<u>कार्यालय प्रयोजनको लागि</u>**

दर्ता नं.:-

रुजु गर्ने कर्मचारीको:

नाम थरः

पदः

दस्तखतः

मितिः